नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)
सिंहदरवार, काठमाडौं

फोन नं. ४२११८९५

पत्र सङ्ख्याः २०७४।०७५
चलानी नम्वरः ९६९

मितिः २०७५/०१/२३

विषयः- जानकारी सम्बन्धमा ।

श्री फाल्गुनन्द गाउँपालिका, पाँचथर ।
श्री रोङ गाउँपालिका, ईलाम ।
श्री गौरीशंकर गाउँपालिका, दोलखा ।
श्री धार्चे गाउँपालिका, गोरखा ।
श्री भुमिकास्थान नगरपालिका, अर्घाखाँची ।
श्री पुथा उत्तरगंगा गाउँपालिका, रुकुम (पूर्वी भाग) ।
श्री राजपुर गाउँपालिका, दाङ ।
श्री शान्तिनगर गाउँपालिका, दाङ ।
श्री भागेश्वर गाउँपालिका, डडेल्धुरा ।

प्रस्तुत विषय, फाल्गुनन्द गाउँपालिका पाँचथर, शान्ति नगर गाउँपालिका र राजपुर गाउँपालिका दाङ, भागेश्वर गाउँपालिका डडेल्धुरा, पुथा उत्तरगंगा गाउँपालिका रुकुम (पूर्वी भाग), रोङ गाउँपालिका ईलाम, गौरीशंकर गाउँपालिका दोलखा, धार्चे गाउँपालिका गोरखा र भुमिकास्थान नगरपालिका अर्घाखाँचीले सम्बन्धित गाउँ/नगर सभाबाट गाउँपालिका/नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्ने निर्णय गरी यस मन्त्रालयमा सिफारिस प्राप्त भई व्यहोरा अवगत हुन आयो । सो सम्बन्धमा "उल्लिखित गाउँपालिकाहरु तथा नगरपालिकामा मिति २०७४/०३/१४ मा स्थानीय तहको निर्वाचन भएको देखिँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (४) को उपदफा (५) ले निर्धारण गरेको ६ महिनाको म्याद मिति २०७४/०९/१३ मा नै पुगि सकेको देखिँदा सो म्याद समाप्त भइसकेपछि गाउँपालिका/नगरपालिकाको नाम र केन्द्र परिवर्तन गर्ने सम्बन्धमा प्रस्ताव पेश भई सो प्रस्ताव पारित भएकोमा त्यसरी प्रस्ताव गर्ने गरी भएको निर्णय उल्लिखित ऐनले निर्धारण गरेको अवधिभित्र भएको मात्र मिल्ने अवस्था नदेखिने" भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट कानूनी राय प्राप्त भएको हुँदा स्थानीय तहको निर्वाचन भएको मितिबाट ६ महिना पश्चात सम्बन्धित गाउँ/नगर सभाबाट गाउँपालिका तथा नगरपालिकाको नाम वा केन्द्र हेरफर गर्ने निर्णय गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (५) बमोजिम यस

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)

सिंहदरवार, काठमाडौं

फोन नं. ४२११८९५

पत्र सङ्ख्याः २०७४।०७५

चलानी नम्बरः

मन्त्रालयमा प्राप्त गाउँपालिका तथा नगरपालिकाका सिफारिश बमोजिम नाम वा केन्द्र परिवर्तन गर्न कानूनी रुपमा नमिल्ने र उक्त ऐनको दफा ४ को अन्य उपदफाहरु बमोजिम प्रकृया पुऱ्याएर पठाएमा सोही बमोजिम कारबाही हुने व्यहोरा मिति २०७५/०१/२३ को (सचिवस्तरीय) निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

२०७५/०१/२३

(दुर्गा दाहाल)

शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा विद्युतीय सुशासन शाखाः यो पत्र मन्त्रालयको Website मा Upload गरीदिनुहुन ।